## काठमाडौँ महानगरपालिका

# द्वितीय त्रैमासिक परीक्षा-२०८२

### अनिवार्य नेपाली

**कक्षा : ६** **पूर्णाङ्क : ५०**

**समय : २ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** २

| | | | | |
|---|---|---|---|---|
| जीवनदायिनी | जिम्मेवारी | ऐँचोपैँचो | मार्गदर्शन | सिकिस्त |

(क) बाटो देखाउने काम ..................

(ख) जीवन दिने किसिमको ..................

(ग) ज्यादै बिरामी भएको ..................

(घ) जिम्मा लिने काम ..................

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् :** २

(क) 'नयन' को उस्तै अर्थ दिने शब्द ....... हो। (आँखा, शिर, छाती)

(ख) 'फाइदा' को उल्टो अर्थ दिने शब्द ....... हो। (नाफा, बेफाइदा, भुक्तान)

(ग) 'सीता' को श्रुतिसमभिन्नार्थक शब्द ........ हो। (सिता, प्रीति, गीता)

(घ) 'दाउरा' को लघुतावाची शब्द ....... हो। (चोइटो, थोपो, त्यान्द्रो)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** २

टपक्क, आँखा रसाउनु

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** १

(अ) विषेश विसेश विशेष विशेस

(आ) अङ्क अंक अन्क अञ्क

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

परिश्रम गर्ने बानि सानै देखि बसाउँदै जानूपर्छ



**६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** २

सोहन आमासँग मामाको घर जान्छ र ऊ त्यहाँ सबैलाई अभिवादन गर्छ।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :** २

(क) उमेशले क्रिकेट ....... । (खेल् : सामान्य भूतकाल)

(ख) कोपिला बजार .......... । (जा अपूर्ण वर्तमानकाल)

(ग) उनीहरू भोलि ..........। (आउ : सम्भावना)

(घ) तिमीहरू सबै घरमै........ । (बस् : आज्ञार्थ)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ३

(क) तिमी गृहकार्य गर्छौ। (कर्मवाच्य)

(ख) आमा बजार जानुहुन्छ। (पुलिङ्ग)

(ग) आज साथी विद्यालय आउँछ। (अकरण)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् : ३**

नेपालीले पाहुनालाई देवता मान्ने प्रचलन छ। आफूले रुखोसुखो खाए पनि अतिथिलाई मिठोमसिनो खुवाउने नेपाली चलन छ। जननी र जन्मभूमिलाई स्वर्गभन्दा पनि महान् ठान्ने परम्परा छ। सामाजिक हितका लागि पाटीपौवा, बाटोघाटो र पुलपुलेसा बनाउने चलन छ। नेपालीको दान गर्ने बानी प्रशंसनीय छ। समुदायमा 'जिउँदो छँदा जन्ती र मर्दा मलामी' जाने प्रचलन छ। मारुनी, बालन र सोरठीका भाकामा टुङ्ना, डम्फु, च्याब्रुङ, मादल र मुरलीको कलात्मक संयोजन छ। यस्तो विविधतामय चालचलन नै नेपाली संस्कृति हो।

प्रश्नहरू

(क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक-एकओटा शब्द लेख्नुहोस्।

(ख) अनुच्छेदबाट एक-एकओटा द्वित्व र समस्त शब्द लेख्नुहोस्।

(ग) अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति लेख्नुहोस्।



**१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

पानी जीवनदायिनी स्रोत हो। पानीका स्रोतको सुरक्षा गरी प्रदूषण हुनबाट रोक्नुपर्छ। जमिनमा प्राङ्गारिक मल बिउको प्रयोग बढाउनुपर्छ। बढी उत्पादन लिने नाममा जमिनलाई विषादीको भण्डार बनाउनु हुँदैन। सास फेर्न चाहिने हावालाई दूषित बनाउनु हुँदैन। जीवजन्तुको अवैध सिकार र चोरी निकासी अन्त्य गर्नुपर्छ। वन फँडानी र वन्य पदार्थ तस्करीको अन्त्य गर्नुपर्छ। प्राण बचाउने जडीबुटीको सदुपयोग गर्नुपर्छ। बाटोघाटो, पुलपुलेसा, भवन निर्माण गर्दा वातावरणीय सन्तुलनलाई प्राथमिकता दिनुपर्छ। यी सबै कार्यका लागि मानवीय सोच, क्रियाकलाप र व्यवहारलाई शुद्धीकरण गर्नुपर्छ। मानिसको स्वच्छ विचारले सुन्दर प्रकृति निर्माण गर्न सक्छ। विवेकशील व्यवहारले सन्तुलित वातावरण सिर्जना गर्न सक्छ। सहअस्तित्व र भ्रातृत्व भावले विश्वको मुहार हँसाउन सक्छ।

**प्रश्न**

क) प्रदूषण कसरी हटाउन सकिन्छ ?

ख) हामीले कुनकुन कुराको अन्त्य गर्नुपर्छ ?

ग) विश्वको मुहार कसरी हँसाउन सकिन्छ ?

घ) वातावरणीय सन्तुलन मिलाउन केकस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ ?

**११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गरेर एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ४

विद्यालयले कुनै खास उद्देश्य राखेर औपचारिक रूपमा समूहमा गराउने भ्रमणलाई शैक्षिक भ्रमण भनिन्छ। शैक्षिक भ्रमण विशेष गरेर कुनै सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक एवम् पुरातात्त्विक ठाउँ आदिको अवलोकनार्थ गर्ने गरिन्छ। किताबी ज्ञान मात्र मानिसलाई पर्याप्त हुँदैन। यसका साथै जीवनमा व्यावहारिक ज्ञानको पनि अझ बढी आवश्यकता पर्छ। व्यावहारिक ज्ञान कि त गरेर कि त प्रत्यक्ष अवलोकन भ्रमणबाट प्राप्त गरिन्छ। प्रत्यक्ष अवलोकन भ्रमणबाट प्राप्त ज्ञान चिरस्थायी प्रकृतिको हुन्छ। त्यसैले विद्यार्थी समुदायलाई विद्यालयले आफ्नो अवस्था हेरेर विभिन्न प्रकृतिको शैक्षिक भ्रमणमा सहभागी गराउने गर्दछ।

**१२ कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **३**

(क) तलका बुँदाहरूका आधारमा छोटो कथा लेख्नुहोस् :

कुनै गाउँमा झूटो बोल्ने कालु नाम गरेको केटो हुनु....... सधैँ जङ्गलमा बाखा चराउन जानु ...... बाघ आयो गुहार ! गुहार ! ! गुहार !!! भनेर रुखमा चढेर कराउनु .....गाउँलेहरू बाघ धपाउन जङ्गलमा दौडनु ..... बाघ नभेट्नु ..... कालुले बारम्बार यो घटना दोहोऱ्याइरहनु ..... गाउँलेहरू कालुका व्यवहारबाट दिक्क हुनु ...... एक दिन साँच्चै बाघ आउनु ..... कालु गुहार ! गुहार !! गुहार !!! बाघ आयो भनेर कराउनु ..... गाउँलेहरू कोही पनि नआउनु ... बाघले कालुका सबै बाखा मारेर खानु ... कालु रुँदै रुँदै घर फर्किनु ... झूटो बोल्दा आफै पछुताउनुपर्छ भन्ने सन्देश दिनु

(ख) 'कक्षाकोठा सरसफाइ' शीर्षकमा दुई साथीबिच हुने कुराकानीको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **३**

(क) 'समयको महत्त्व' बुझाउँदै गाउँमा भएको आफ्नो साथीलाई चिठी लेख्नुहोस् ।

(ख) तपाईंको विद्यालयमा आयोजना गर्न लागिएको अभिभावक दिवसका लागि अभिभावकलाई लेखिने निमन्त्रणापत्र तयार पार्नुहोस् ।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् :** **३**

(क) जे भए पनि भयो अब भैगो ।
बित्नु हो जति थियो बितिगैगो ॥
खोल लौ नयन खोल न खोल ।
फाल्छौ किन ? न फाल न काल ॥

(ख) समस्या भए समाधान पनि त निस्किन्छ नि ।



**१५. तलको प्रश्नको उत्तर दिनुहोस् :** **४**

दिइएको निबन्धको अंश पढी सोधिएका उत्तर लेख्नुहोस् :

वीरताको इतिहासले रङ्गिएको हाम्रो देशमा अझै पनि कतिपय अन्धविश्वास छन् । अन्याय, अत्याचार र भ्रष्टाचार पनि छन् । त्यसैले यस्तो अन्धविश्वास, अत्याचार र भ्रष्टाचार निर्मूल गर्नका लागि मलाई समाजसेवा गर्न मन लाग्छ । राजनीतिमा लाग्न मन लाग्छ र समय सुहाउँदो नियम, कानुन बनाएर देशमा सुशासन कायम गर्न मन लाग्छ । विकासको मूल फुटाएर एउटा विकसित देशका रूपमा सगरमाथाको देश नेपाललाई विश्वभर चिनाउन मन लाग्छ । सुशासनको कुरा गर्दा कर्मचारीको भूमिका महत्त्वपूर्ण भएर आउँछ ।

**प्रश्न**

क) देशको विकास हुन नदिने तत्त्व के के हुन् ?

ख) निबन्धकारलाई किन समाज सेवा गर्न मन लागेको रहेछ ?

ग) माथिको अनुच्छेदमा कसरी देशलाई विश्वभर चिनाउने विचार आएको छ ?

घ) देशमा कसरी सुशासन कायम गर्न सकिन्छ ?

**१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् :** **५**

(क) तल दिइएको कथाको अंश पढी लामो उत्तर लेख्नुहोस् :

सुरुमा एकदुई दिन त उनले केही सोच्नै सकेनन् । तेस्रो दिन उज्यालो हुनुभन्दा अगाडि नै इन्द्रले आफ्ना कपाल र दारीजुँघामा सेतो दले । झुत्रेझाम्रे कपडा लगाए । समाजसेवी बूढा मान्छेको भेष बनाएर बिहानै सुटुक्क गङ्गाको किनारमा बसे । कुमार यवक्रीत गङ्गास्नान गर्न जाँदा त्यहाँ किनारमा एक जना बूढा मान्छेलाई देखे । ती बूढा मान्छे आफ्नो मुठीमा बालुवा उठाउँदै गङ्गाको पानीमा फ्याँक्दै गरिरहेका थिए ।



अ) इन्द्रले आफ्नो भेष किन बदल्नु परेको थियो ? माथिको कथाको अंशका आधारमा उत्तर लेख्नुहोस् ।

(ख) जीवनीको अंश पढी तलको प्रश्नको उत्तर लेख्नुहोस् :

अनेक आविष्कारमार्फत मानव सभ्यतालाई अझ उचाइ दिने थोमसले धेरै असफता पनि बेहोरेका थिए । भनिन्छ, बिजुलीको बल्ब बनाउने क्रममा उनको ९९९९ पटकको प्रयोग असफल भएको थियो तर १०००० पटकमा उनी सफल भए । सन् १९१४ मा उनको प्रयोगशालाको आधा भागभन्दा धेरै जलेर ध्वस्त भएको थियो । यस्तो ठूलो क्षतिमा पनि विचलित नभई उनले भनेका थिए, 'मलाई दुःख मनाउ छैन । यो आगलागीसँगै मेरा कमजोरीहरू पनि जलेर खरानी भए । हो, म ६७ वर्षको भइसकेँ तर पनि म तुरुन्त नयाँ ढंगले प्रयोगशाला निर्माण गर्छु ।' नभन्दै उनले उक्त प्रयोगशालालाई अझ विशाल र आधुनिक बनाएका थिए ।

**प्रश्न**

अ) 'असफलता नै सफलताको प्रेरक हो ।' यस भनाइलाई थोमस एल्भा एडिसनको जीवनीका आधारमा प्रस्ट पार्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् :** **५**

(क) मेरो घरआँगन

(ख) वातावरण संरक्षण

(ग) विद्यालय

धन्यवाद !